सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेबिहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

प्रतिनिधिसभा निर्वाचन-२०८२

५ दिन बाँकी

❐ वर्ष : २५ ❐ अंक : १३७ ❐ शनिवार, १६ फागुन, २०८२ ❐ Saturday, 28 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

माग सम्बोधन गर्ने उम्मेदवारलाई भोट

वीरेन्द्रनगर नगरपालिका–४, मित्रनगर टोल, वीरेन्द्रनगर–११ को झुप्राखोलाबस्ती र रूकुमपश्चिमको आठबिसकोट नगरपालिका–६, ज्यामिरेगाउँवासीले यस पटकको निर्वाचनमा आफ्नो माग सम्बोधन गर्ने वा माग सम्बोधनका लागि प्रतिबद्धता जनाउने उम्मेदवारलाई भोट दिने बताएका छन् ।

❐ काँक्रेबिहार संवाददाता

सुर्खेत, १५ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा कर्णाली प्रदेशका विभिन्न जिल्लामा मतदाताले आफ्ना आफ्ना आधारभूत माग सम्बोधन गर्न सक्ने उम्मेदवारलाई मात्र मत दिने अडान व्यक्त गर्दै आएका छन् ।

चुनावी माहोल तातेका बेला मतदाताले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र सडक पूर्वाधारलाई प्राथमिकतामा राखेका छन् । ग्रामीण बस्तीका नागरिकले वर्षौंदेखि उठाउँदै आएका खानेपानी, सिंचाइ, विद्युत् र यातायातका समस्या अझै समाधान हुन नसकेको गुनासो गरेका छन् । चुनावका बेला मात्रै आउने आश्वासन होइन, काम गरेर देखाउने नेतालाई भोट दिने मतदाताहरु बताउँछन् ।

कर्णालीका पहाडी तथा दुर्गम क्षेत्रमा आधारभूत सेवा-सुविधाको अभाव अझै चुनौतीकै रूपमा रहेको छ । स्थानीय तहदेखि संघीय सरकारसम्म प्रतिनिधित्व गरेका जनप्रतिनिधिमाथि विगतका प्रतिबद्धता पूरा नगरेको आरोप लाग्दै आएको छ । त्यसैले यसपटक मतदाताले स्पष्ट कार्ययोजना र कार्यान्वयन क्षमताका आधारमा उम्मेदवार छनोट गर्ने बताएका छन् ।

युवा मतदाताले विशेषगरी रोजगारी सृजना, सीपमूलक तालिम र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने माग राखेका छन् । वैदेशिक रोजगारीका कारण गाउँ खाली हुँदै गएको अवस्थालाई रोक्न दीर्घकालीन योजना आवश्यक रहेको उनीहरूको भनाइ छ ।

राजनीतिक दल र उम्मेदवारले भने आफूहरूले अघि सारेका चुनावी एजेण्डा जनताका आवश्यकता सम्बोधन केन्द्रित रहेको दाबी गरेका छन् । घरदैलो कार्यक्रममार्फत मतदाता भेटघाटलाई तीव्र बनाइरहेका उम्मेदवारले यसपटक विकासमुखी प्रतिस्पर्धा भएको बताएका छन् ।

निर्वाचन नजिकिँदै जाँदा कर्णालीमा मतदाताको चासो र सक्रियता बढ्दो छ । मतदाताले आश्वासन होइन, काम गर्ने र माग सम्बोधन गर्ने उम्मेदवारलाई नै भोट दिने बताउँदै आएका छन् । यता वीरेन्द्रनगर नगरपालिका-४, मित्रनगर टोलका नागरिकले जग्गाधनी पुर्जा दिनेलाई मात्र मत दिने बताएका छन् । बस्तीका करिब ७७ घरपरिवारले जग्गाधनी लालपुर्जा उपलब्ध गराउने उम्मेदवारलाई मात्र मत दिने बताउँदै आएका छन् । पुस्तौँदेखि उपभोग गर्दै आएको घरजग्गामा कानुनी स्वामित्व प्रमाण नहुँदा राज्यका आधारभूत सेवा र सुविधा पाउन नसकेको भन्दै स्थानीयले निर्वाचनमा मत माग्न आउने उम्मेदवारसँग लालपुर्जाको माग गरेका हुन् । अहिले २०४३ सालमा पाएको सेतो पुर्जा मात्र उनीहरूको हातमा छ । पुस्तौँदेखि बसोवास गर्दै आए पनि हालसम्म कसैको नाममा लालपुर्जा प्राप्त गर्न नसकेको बस्तीका दलबहादुर विश्वकर्माले बताए ।उनका अनुसार २०४३ सालमा सेतो पुर्जा प्राप्त भएको हो । लालपुर्जा पाउने आसैआसमा ३९ वर्ष बितेकोे उनी बताउँछन् । 'प्रत्येक चुनावमा पुर्जा दिन्छौं भनेर वाचा गरेका नेताले झुटो आश्वासन मात्र दिए' उनले भने, 'यो पटक पुर्जा दिनेलाई मात्र मत दिने योजना बनाएका छौं । लालपुर्जा नहुँदा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन, सहकारीमा आबद्ध हुन, कृषि तथा पशुपालन अनुदान प्राप्त गर्न र अन्य सरकारी सेवा सुविधा उपयोग गर्न कठिनाइ भइरहेको छ ।'

उक्त टोलकी टीकादेवी विकले स्वरोजगार र व्यवसाय गर्न चाहने युवा जग्गाको कानुनी स्वामित्व अभावकै कारण अवसरबाट वञ्चित हुँदै आएको बताइन् । यो पटक मत माग्न आउने जोकोहीलाई बस्तीका नागरिकले प्रश्न गर्ने गरेको उनको भनाइ छ । मित्रनगरका बासिन्दाले यस पटकको प्रतिनिधि सभा निर्वाचनमा लालपुर्जाको विषयलाई प्रमुख राजनीतिक मुद्दा बनाएका छन् ।

स्थानीय धनबहादुर दमाईंले सरकारले विभिन्न समयमा भूमिहीन दलित तथा सुकुम्वासी समस्या समाधानका लागि आयोग गठन गरे पनि ती आयोगले सक्रिय भएर काम गर्न नसक्दा समस्या भएको बताए । मित्रनगर टोल भनेर चिनिने यो बस्तीमा करिब ७७ घरधुरी छन् । त्यसमध्ये ९५ प्रतिशत दलित समुदायको बसोवास छ । प्रदेश आयुर्वेद औषधालयको उत्तरपूर्वमा रहेको मित्रनगरमा रातदिन लालपुर्जाकै पिरलो छ ।



बस्ती स्थानान्तरण गर्नेलाई भोट

वीरेन्द्रनगर नगरपालिका-११ को बादी समुदायको बस्ती भेरी नदी र झुप्राखोलाको दोभानमा छ । सदरमुकाम वीरेन्द्रनगर बजारदेखि करिब १० किमीनजिकै उक्त बस्ती भए पनि त्यहाँ प्रत्येक निर्वाचनमा विकास गर्ने आश्वासन दिइन्छ तर पूरा हुँदैन । बादी समुदायले नदी र खोला किनारको बस्ती भएकाले स्थानान्तरणको माग गरेका छन् ।

बादी बस्तीले हरेक निर्वाचनमा राख्ने यो माग भने अहिलेसम्म पूरा नभएको उनीहरू बताउँछन् । बालुवा चालेर जीवन चलाउँदै आएका उनीहरूका लागि आयआर्जन, रोजगारको माग गरिन्छ । बस्तीमै रहेको विद्यालय गाभिएपछि बालबालिका अहिले बसमा चढेर अर्को विद्यालयमा जाने गरेका छन् । जसका लागि उनीहरूले गाडी भाडा तिर्नु पर्छ ।

वर्षमा खोला करिब ६ महिना बन्द गर्दा बालुवा निकाल्न नपाइने भएकाले जीवन चलाउन गाह्रो हुने गर्दछ ।

प्रत्येक निर्वाचनमा राजमार्गदेखि बस्तीसम्म पुग्ने सडक कालोपत्रे हुनुपर्ने माग राखे पनि अहिलेसम्म पूरा हुन नसकेको स्थानीय धनसरा बादीले बताइन् । आफूहरूले २०७४ र २०७९ सालमा पनि बादी बस्तीको विकासका लागि राखेका माग अहिलेको निर्वाचन आउने बेलासम्म पनि पूरा नभएको उनले दुःखेसो पोखिन ।

खोला किनारमा बस्ती भएकाले बस्ती स्थानान्तरण गर्नेलाई मात्रै भोट दिने झुप्रावासीको भनाइ छ । प्रमुख माग भए पनि मत माग्ने बेला उम्मेदवारले पूरा गर्ने आश्वासन दिए पनि अहिलेसम्म पूरा नभएको उनीहरु बताउँछन् ।

बस्ती र बारी जोगाउनेलाई भोट

अघिल्लो वर्ष रुकुमपश्चिमको आठबिसकोट नगरपालिका-६, ज्यामिरेगाउँमा रहेको कालिका आधारभूत विद्यालयसहित १३ घर बाढी र पहिरोले बगायो । ज्यामिरेवासीले २०५७ साल यता हरेक वर्ष बाढी पहिरोबाट घरखेत गुमाउने गरेका छन् ।

२०७६ सालमा यहि वडाको मन्कावगरका १२ घर बाढीले बगरमा मिसायो । क्षती भएका मध्य पाँच घर सरकारले दिएको राहत रकमबाट निर्माण भए, सात वटा अलपत्रै छन् । ठुलीभेरीको कटान र पहिरोको जोखिमको कारण मन्काबगर नै उच्च जोखिममा छ । सोही वडाको दामाचौरका सल्लेतरा र त्रिवेणीमा पनि हरेक वर्ष नदिले खेतीयोग्य जमिन बगाउँछ । गत वर्ष करिब ४५ मिटर चौडाईसम्मको खेतीयोग्य जमिन नदिमै मिसिएको थियो ।

हरेक वर्ष वर्षायाम सुरु हुँदा मन्कावगर, ज्यामिरे र दामाचौरका स्थानीयलाई घर र खेतबारीकै पीर हुन्छ । अन्न फल्ने खेत र बास बस्ने घर जोगाउन उनीहरुले सबै निकायमा तटबन्धनको माग गरिहेका छन्, तर सुनुवाइ नभएको गुनासो छ । कालिका आधारभूत विद्यालय मन्काबगरका प्रधानाध्यापक लालबहादुर रोकायले मन्कावगरका स्थानीय वर्षायाममा बगर छेउका घर छोडेर गोठमा बस्नुपर्ने बाध्यतामा रहेको बताए ।

मन्काबगरका ५५ घर ठुलीभेरी र पहिरोको जोखिममा रहेका छन् । दामाचौरका नेत्रबहादुर शाहीले फागुन २१ मा हुने निर्वाचनका

बाँकी पृष्ठ ४

सरकारी ऋण साढे २८ खर्ब रुपैयाँ नाघ्यो



❐ काँक्रेबिहार संवाददाता

काठमाडौं, १५ फागुन

देशको तिर्न बाँकी सरकारी ऋण साढे २८ खर्ब रुपैयाँ नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको माघ मसान्तसम्मको विवरणअनुसार चालु आर्थिक वर्षको सुरुवातमा २६ खर्ब ७४ अर्ब ४ करोड रहेको कुल सार्वजनिक ऋण पाँच महिनामा १ खर्ब ८४ अर्ब ९३ करोडले बढेर २८ खर्ब ५८ अर्ब ९७ करोड पुगेको हो। यो रकम हालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ४६ दशमलव ८१ प्रतिशत बराबर रहेको जनाइएको छ ।

कुल बक्यौता ऋणमध्ये आन्तरिक ऋण १३ खर्ब ४९ अर्ब १३ करोड र बाह्य ऋण १५ खर्ब ९ अर्ब ८४ करोड छ । समग्र ऋण संरचनामा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ८१ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४७ दशमलव १९ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षका लागि सरकारले ५ खर्ब ९५ अर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको थियो । माघ मसान्तसम्म २ खर्ब ५५ अर्ब ४८ करोड रुपैयाँ मात्र प्राप्त भएको छ, जुन वार्षिक लक्ष्यको ४२ दशमलव ८९ प्रतिशत हो । आन्तरिक ऋणतर्फ ३ खर्ब ६२ अर्ब उठाउने लक्ष्य राखिएकामा हालसम्म २ खर्ब १७ अर्ब ६६ करोड (६० दशमलव १३ प्रतिशत) उठिसकेको छ भने १ खर्ब ४४ अर्ब ३३ करोड उठाउन बाँकी छ ।

बाह्य ऋणतर्फ २ खर्ब ३३ अर्ब ६६ करोडको लक्ष्य राखिएकामा हालसम्म ३७ अर्ब ८१ करोड (१६ दशमलव १८ प्रतिशत) मात्र प्राप्त भएको छ, अझै १ खर्ब ९५ अर्ब ८४ करोड उठ्न बाँकी छ । सरकारले यस वर्ष ऋणको साँवा-ब्याज भुक्तानीका लागि ४ खर्ब ११ अर्ब १ करोड विनियोजन गरेको छ। माघ मसान्तसम्म २ खर्ब ३ अर्ब ६५ करोड भुक्तानी भइसकेको छ, जुन वार्षिक विनियोजनको ४९ दशमलव ५५ प्रतिशत हो । जीडीपीको आधारमा हेर्दा हालसम्मको ऋण सेवा खर्च ३ दशमलव ३३ प्रतिशत पुगेको छ ।

नयाँ, पुराना दलको रोचक प्रतिस्पर्धा



❐ काँक्रेबिहार संवाददाता

नेपालगञ्ज, १५ फागुन

निर्वाचनको मिति नजिकिँदै जाँदा बाँके क्षेत्र नम्बर ३ को चुनावी वातावरण रोचक र प्रतिस्पर्धात्मक बन्दै गएको छ । २०७९ को निर्वाचनमा कांग्रेसका तत्कालीन सहमहामन्त्री किशोरसिंह राठौर यस क्षेत्रबाट निर्वाचित हुनुभएकाले कांग्रेसका लागि सिट जोगाउने चुनौती छ भने राष्ट्रिय स्वतन्त्र पार्टी, एमाले र नेकपाका लागि पार्टीको साख जोगाउन जित्नुपर्ने दबाब छ ।

क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसले पार्टीका लुम्बिनी प्रदेश अध्यक्ष अमरसिंह पुन र राष्ट्रिय स्वतन्त्र पार्टीले खगेन्द्र सुनारलाई उम्मेदवार बनाएको छ । नेकपा (एमाले) ले सुमन मल्ल तथा नेपाली कम्युनिस्ट पार्टीले दीपक जिएमलाई उम्मेदवार बनाएको छ । गत निर्वाचनका विजेता राठौर यस पटक बर्दिया क्षेत्र नम्बर २ बाट उम्मेदवार बन्नुभएको छ । नेपाली कांग्रेसका प्रदेश अध्यक्ष पुन उम्मेदवार भएकाले कांग्रेसका लागि यो क्षेत्र अति नै महत्त्वपूर्ण बनेको जनाउँदै नेपाली कांग्रेसका स्थानीय नेता महेन्द्र मल्लले पार्टीका लागि यो सिट प्रतिष्ठाको विषय बनेको दाबी गरे ।

गत निर्वाचनमा तत्कालीन माओवादीसँगको गठबन्धनमा कांग्रेसका उम्मेदवार राठौरले निर्वाचन जितेका

बाँकी पृष्ठ ४

मतदानको दिन सवारी चलाउन अनुमति अनिवार्य

❐ काँक्रेबिहार संवाददाता

कञ्चनपुर, १५ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मतदानको दिन प्रयोग हुने सवारी साधनका लागि अग्रिम अनुमति लिनुपर्ने भएको छ । जिल्ला प्रशासन कार्यालय कञ्चनपुर ले बिहीबार सूचना जारी गर्दै मतदानको दिनभन्दा कम्तीमा दुई दिनअघि नै सवारी पास लिन आग्रह गरेको हो । उम्मेदवार वा उनका प्रतिनिधि, राष्ट्रिय पर्यवेक्षक तथा सञ्चार माध्यमले सम्बन्धित निकायको सिफारिससहित फागुन १९ गतेभित्र सवारी अनुमति पत्रका लागि निवेदन पेस गर्नुपर्ने प्रशासनले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशी का अनुसार उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिले दुई, तीन वा चार पाङ्ग्रे सवारीमध्ये कुनै एकका लागि अनुसूची-३ अनुसार मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतसमक्ष निवेदन दिनुपर्ने छ । उक्त निवेदन सिफारिससहित जिल्ला प्रशासन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, राष्ट्रिय पर्यवेक्षकले दुई वा चार पाङ्ग्रे सवारीका लागि निर्वाचन अधिकृतको सिफारिससहित निवेदन दिनुपर्नेछ । संवैधानिक निकायका प्रदेश तथा जिल्लास्थित कार्यालयहरूले पनि निर्वाचन अधिकृतको सिफारिसमा सवारी अनुमति लिनुपर्ने प्रशासनले स्पष्ट पारेको छ । सञ्चार माध्यमका हकमा प्रत्येक सञ्चार संस्थाले बढीमा पाँच वटासम्म सवारी साधनका लागि जिल्लास्थित पत्रकार महासङ्घको सिफारिससहित निवेदन दिन सक्नेछन् । मतदानको दिन एम्बुलेन्स, दमकल, खानेपानीका ट्याङ्कर, दूध दुवानी सवारी, दूरसञ्चार, शववाहन, अस्पताल तथा विद्युत् सेवाका सवारी साधन, 'सीडी' नम्बर प्लेट भएका कूटनीतिक सवारी र अनुमति प्राप्त सवारीबाहेक अन्य सवारी सञ्चालनमा पूर्ण रोक लगाइने प्रशासनले जनाएको छ ।

यसैबीच, जिल्ला प्रशासन कार्यालयले बिहीबारदेखि जिल्लाभर मदिरा बिक्री-वितरणमा पनि रोक लगाएको छ । फागुन १४ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म मदिरा बिक्री, वितरण तथा सेवन गर्न नपाइने सहायक प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिए । निर्वाचनको समयमा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सबै होटल व्यवसायी, राजनीतिक दल, नागरिक समाज र सर्वसाधारणको सहयोग अपेक्षित रहेको प्रशासनले जनाएको छ ।

सिंहदरवार यतिबेला शान्त



❐ काँक्रेबिहार संवाददाता

काठमाडौं, १५ फागुन

देशको प्रशासनिक मुटु मानिने सिंहदरबार यतिबेला असामान्य रूपमा शान्त देखिएको छ । प्रतिनिधि सभा सदस्यको निर्वाचन नजिकिँदै जाँदा मन्त्री, सांसद तथा प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू चुनावी अभियानका लागि आफ्ना जिल्ला र निर्वाचन क्षेत्रमा फर्किएपछि यहाँको चहलपहल घटेको हो । निर्वाचन हुन अब पाँच दिन मात्र बाँकी छ । मत आफ्नो पक्षमा पार्न नेताहरू घरदैलो अभियान र चुनावी सभामा व्यस्त छन् । काठमाडौंका होटल, चिया पसल र सार्वजनिक स्थलहरूमा चुनावी बहस चर्किए पनि नीति निर्माणको केन्द्र सिंहदरबार भने कर्मचारीहरूको नियमित उपस्थितिमै सीमित बनेको छ ।

सिंहदरबारभित्रका मन्त्रालयहरूमा सर्वसाधारणको उपस्थिति न्यून देखिन्छ । मन्त्रीहरू चुनावी सुरक्षा र व्यवस्थापनका काममा जिल्लातिर केन्द्रित हुँदा मन्त्रालयका दैनिक कामकाजमा समेत केही सुस्तता आएको कर्मचारीहरू बताउँछन् । गाउँ-गाउँमा चुनावी रौनक बढिरहँदा सिंहदरबारको यो मौनता निर्वाचनको संवेदनशीलता र शक्ति विकेन्द्रीकरणको अभ्यासको संकेतका रूपमा हेरिएको छ । अबको केही दिनपछि हुने मतदानले सिंहदरबारमा नयाँ अनुहार भित्रिनेछ वा पुरानाकै निरन्तरता रहनेछ भन्ने टुंगो भने मतदाताको निर्णयले लगाउनेछ ।

शनिवार

निर्वाचन

भोट हाल्नका लागि ८ लाख मतदाताले काठमाडौं छाड्दै, कहिलेसम्म चल्न पाउँछन् सवारी ?



फाइल फोटो

फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा मतदानका लागि काठमाडौंमा विभिन्न पेसा व्यवसाय गरेर बसेकाहरू गाउँ फर्किन थालेका छन् ।

निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ ५ बजेसम्म अत्यावश्यक बाहेकका सबै सवारी साधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ । जसअनुसार अब गाउँ फर्किनेहरूका लागि अब अब ५ दिनको समयमात्रै बाँकी छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यवाहक अध्यक्ष सरोज सिटौलाले निर्वाचनमा करिब ७ देखि ८ लाख मानिसले काठमाडौं छोड्ने अनुमान गरिएको बताए ।

सिटौलाले पछिल्ला केही दिनदेखि नै मानिसहरू बाहिरिने क्रम सुरु भइसकेको बताउँदै अबको केही दिनमा यो सङ्ख्या अझै बढ्ने बताए । विशेषगरी मधेस प्रदेशमा होली पर्व नजिकिएको र निर्वाचनका कारण अत्यधिक चाप देखिएको उनको भनाइ छ ।

विगतका चुनावहरूमा राजनीतिक दलहरूले नै ठुलो संख्यामा गाडी रिजर्भ गर्ने र मतदाताको भाडा तिर्ने प्रचलन बढी हुने गरेको भए पनि यस पटक त्यस्तो अवस्था कम देखिएको सिटौलाको भनाइ छ ।

उनले भने, 'अहिले दैनिक बुकिङ नै भइरहेको छ, अग्रिम बुकिङको चाप त्यति छैन । पार्टीहरूले नै रिजर्भ गरेर लाने भन्दा पनि मानिसहरू आफैं वा समूहमा रिजर्भ गरेर जाने क्रम बढी छ ।'

साथै यातायात व्यवसायीहरूले मतदाता ओसार्न दलहरूले प्रत्यक्ष पैसा तिरेको आधिकारिक जानकारी नभए पनि मानिसहरूमा चुनावमा जाने उत्साह भने राम्रो रहेको बताएका छन् ।

पहिलेसम्म चल्न पाउँछन् सवारी साधन ?

फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ ५ बजेसम्म अत्यावश्यक बाहेकका सबै सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ ।

आयोगका अनुसार उक्त अवधिमा एम्बुलेन्स, दमकल, शव वाहन, रक्तसञ्चार सेवा, सुरक्षा निकायका सवारी, विद्युत्, खानेपानी, ढल तथा दूरसञ्चार मर्मतका सवारी साधन भने निर्बाध रूपमा सञ्चालन गर्न पाइनेछ ।

अन्य सवारी साधन भने आयोगबाट पास प्राप्त गरेपछि मात्रै चलाउन पाइने व्यवस्था गरिएको छ । निर्वाचनको दिन शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्न यस्तो निर्णय गरिएको आयोगले जनाएको छ ।

सिटौलाले पनि चुनावको समयमा गाडी चल्ने वा नचल्ने विषयमा सरकार र निर्वाचन आयोगको निर्णय नै अन्तिम हुने प्रस्ट पारे । 'सरकार र निर्वाचन आयोगले जुन तालिका दिन्छ, हामीले त्यही पालना गर्ने हो । चुनावको अघिल्लो दिनसम्मको जे सेड्युल छ, त्यही अनुसार यातायात सञ्चालन हुन्छ,' उनले भने । हाल मतदाता र सर्वसाधारणको सहजताका लागि सबै क्षेत्रमा सवारीहरू पुऱ्याउने व्यवस्था मिलाइएको छ ।

रोचक

अर्काको सुन लगायो, आफ्नो कानलाई दुख

अमेरिकामा धेरै कलाकार गए- आए । कलाकार बनेर छिरेर उतै बस्नेको चर्चा यहाँ गर्न खोजिएको होइन ।

अमेरिकामा प्रस्तुती दिन गएर फर्किएका दुई गायिका उधुमै गरिरहेका छन्, त्यही अमेरिका टूर पेरिफेरी रहेर ।

अमेरिकाबाट फर्किएपछि कलाकारहरुले यति लामो गलफत्ती गरेको यो नै पहिलो घटना हो । गायिकाद्वय एलिना चौहान र कला लम्साल आयोजक संस्था फ्लाई नेपाको 'अब गाउँछ अमेरिका'मा प्रस्तुती दिन गएका थिए । यी दुवै कार्यक्रम पूरा नगरी फर्किए ।

बिमार भएर कला नेपाल फर्किइन् । एलिना आयोजनकसँग लफडा गरेर फर्किइन् । त्यसयता यी दुवै गायिका अमेरिकाकै प्रसंगले चर्चामा छन् । त्यसो त इलिना पछिल्लो समय गायकीभन्दा यस्तै विवादले चर्चामा छिन् । उनले यो खालको चर्चालाई 'एन्जोय' गरिरहेको देखिन्छ ।

अमेरिकामा रहँदा समधुर रहेको यी दुईको सम्बन्ध एलिना नेपाल फर्किएपछि बिग्रिएको हो । बिरामी भएर फर्कदा एलिनाले आफ्नो पक्षमा नबोलेको आरोप कलाले लगाएपछि यी दुईको सम्बन्ध बिग्रिएको हो । नेपाल फर्किएपछि विभिन्न अन्तर्वार्तामा एलिनाले कलालाई काउन्टर दिएकी थिइन् । उनले भनेकी थिइन्, 'आफ्नो लागि आफैं बोल्ने हो ।'

यस्तै कुराले उनीहरुको सम्बन्ध बिग्रिएको निकटस्थ बताउँछन् ।

कुरा यतिसम्म पुगेको रहेछ कि, कला नियोजित रुपमै एलिनाबारे प्रश्न सोध्न लगाएर अन्तर्वार्ता दिँदै हिड्ने रहिछन् ।४-५ दिनअघि सार्वजनिक एक अन्तर्वार्तामा कलाले कार्यक्रम प्रस्तोतालाई भन्छिन्, ''त्यहाँबाट प्रसंग एलिनतिर मोड ।' सम्पादन चुकेर वा नियोजित रुपले नै कलाले उक्त अंश बालेको भिडियो बाहिरियो । अहिले उक्त अंश समावेश अन्तर्वार्ता युट्युबबाट हटाइएको छ । एलिनाले यसबारे प्रतिक्रिया जनाएकी थिइनन् । तर, कलाले सिक्री काण्ड झिकेपछि आफू लक्षित अन्तर्वार्ता दिँदै हिड्ने योजनाबारे इलिनाले जवाफ फर्काइन् ।

एलिनाले कलालाई भनेकी छन्, 'मेरो नाम लिएर उहाँ चल्न (चर्चित) खोज्नुभएको रहेछ । ठिकै छ चर्चित बन्नुस् भनेर मैले वास्ता नगरेको हो ।'

अब सुनको सिक्री काण्डमा प्रवेश गरौं ।

एक अन्तर्वार्तामा कलाले भनिन्, 'मैरै सुनको सिक्री लगाएर अन्तर्वार्तामा मविरुद्ध बोल्ने गायिका पनि छन् । कम्तीमा मेरोविरुद्ध मैरै सिक्री लाएर नबोलेको भए हुने ।' प्रस्तोताले प्रश्न गर्छिन्, 'यही लगाइरहेको सिक्री ?' कला आफ्नो गलामा हेर्छिन् र हाँस्छिन् । अनि थप्छिन्, 'अँ यही ।' कलाले लगाएको डिजाइनको सिक्री एलिनाको गलामा देखिएको थियो । उक्त सिक्री केन्द्रित गरेको एलिना र कलाको तस्बिर सामाजिक सञ्जालमा देखिन थाले ।

धेरैले अनुमान गरे कि, 'कलाको सिक्री ल्याएर उनकै कुरा गर्ने गायिका एलिना हुन् ।' सामाजिक सञ्जालमा केमेन्ट बक्स भरी यही अनुमान देखिन लाग्यो ।

केहीले प्रश्न पनि गरे, 'कलाको सुनको सिक्री कसरी एलिनाको गलामा पुग्यो ?' रिल्स भिडियो हेरेर आफ्नो विचार बनाउने दर्शक प्रवृती हाबी भएको समयमा एलिनाबारे नकारात्मक टिप्पणी नहुने कुरै भएन ।

एक व्यक्तिहरुको सिक्री अर्काको गलामा पुग्नुलाई कुन कोणमा शङ्का गरिन्छ ? पाठकहरु आफैं जानकार हुनुहुन्छ । यसबारे धेरै चर्चा गर्न आवश्यक नहोला ! यही शंका मेट्न एलिनाले 'कलाको सिक्री आफ्नो गलामा कसरी आयो' भन्ने प्रसंग सेयर गरेकी छन् ।

एलिनाले स्पष्ट पारेकी छन्, 'उहाँले सिक्रीको कुरा गर्नुभयो । उहाँले यो सिक्री मलाई लुगामा सुहाएन, तिमी नै लाएर बस भन्नुभयो । त्यसपछि उहाँ आयोजकसँग झगडा गरेर नेपाल आएपछि बिर्सनुभयो । त्यो मैसँग थियो । मैले उतैबाट फोन गरेर सिक्री मैसँग छुटेको पनि भनैं ।'

एलिना सिक्रीको प्रसंगबारे स्पष्ट पार्न मात्रै सीमित भइनन् । उनी कलाविरुद्ध खरो उत्रिएन् । 'कलाले सिक्री चोरको आशय अनुसार प्रसंग कोट्याएको' बुझाइका साथ भनिन्, 'अहिले मैले सिक्री नै चोरेको जस्तो गर्नुभयो । सिक्री होइन तपाईंको किड्नी किन्ने औकात छ । औंला ठड्याएर भन्छु साच्चिकै मैले तपाईंको किड्नी किन्ने औकात बनाएको छु ।' तर, कलाले आफ्नो सिक्रो चोरी नभएर एक सेलिब्रिटीसँग छुटेको स्पष्ट बताएकी थिइन् । कलाको अमेरिकासँग जोडिएको व्यक्तिगत कुरा पनि एलिनाले बोलेकी छन् । कला डाक्टरको परामर्श विपरीत अमेरिका गएर स्वास्थ्य समस्या बल्झिएकाले बीचमै नेपाल फर्कन परेको एलिनाको बुझाइ छ । एलिनाको आरोप छ, 'उहाँले अमेरिका जान आफ्नो ज्यान दाउमा राख्नुभयो । नियमले गर्दा औषधी पनि लानुभएन । सोहीकारण उहाँ बिमारले च्याप्दा नेपाल फर्कन पऱ्यो ।'

एलिना-कला विवाद विश्वासले राख्न दिएको सुनको कारण उब्जिएको हो । जसले एलिनामाथि विभिन्न शङ्का भए । एलिना बालेपछि कलाले सामाजिक सञ्जालमा गाली खाएकी छन् । यही विषयले अहिले सामाजिक सञ्जाल तातेको छ ।

अहिले एलिनालाई एउटा उखान लागू भएको छ, 'अर्काको सुन लगायो, आफ्नो कानलाई दुख ।'

कतिपयले यो घटनालाई नेपाली सेलिब्रिटीहरुको चेतनास्तरसँग जोडेर हेरेका छन् । दर्शकलाई सकारात्मक प्रभाव छाड्नुपर्ने कलाकारको नैतिक दायित्वबाट विमुख भएर चर्चा बटुल्न 'तिललाई पहाड' बनाउने लागिपरेको अर्को उदाहरणका रुपमा कतिपय दर्शकले यो घटनालाई लिएका छन् ।

उपभोक्ता

सामसङले ल्यायो S26 सिरिजको अहिलेसम्मकै सबैभन्दा सहज ग्यालेक्सी एआई फोन



सामसङले नयाँ ग्यालेक्सी एस २६ सिरिज सार्वजनिक गरेको छ । जसले स्मार्टफोनमा नयाँ परिवर्तनको महत्त्वपूर्ण कदम प्रतिनिधित्व गर्ने कम्पनीको दाबी छ ।

नवीनतम् ग्यालेक्सी एआई प्रविधिद्वारा सञ्चालित, ग्यालेक्सी एस २६ सिरिज प्रयोगकर्ताको दैनिक जीवनसँग सहज रूपमा घुलमिल हुने गरी अझै सहज, व्यक्तिगत र बुद्धिमान मोबाइल अनुभव प्रदान गर्न डिजाइन गरिएको हो ।

Galaxy S26 Series को मूलमा रहेको छ नयाँ पुस्ताको ग्यालेक्सी एआई, जसले अझ स्मार्ट अन्तरक्रिया, उन्नत उत्पादकता र सहज सिर्जनशीलता सम्भव बनाउने छ ।

बुद्धिमान क्यामेरा क्षमतादेखि रियल-टाइम सहयोगसम्म, साथै अनुकूलित प्रदर्शन र ऊर्जा दक्षतासम्म–यस उपकरणले प्रयोगकर्ताको बानीअनुसार आफूलाई ढाल्दै दैनिक कार्यहरूलाई अझ सरल र अर्थपूर्ण बनाउनले कम्पनीले जनाएको छ ।

Galaxy S26 Series ले डिजाइन र प्रदर्शनमा पनि नयाँ मापदण्ड स्थापित गरेको छ। परिष्कृत प्रिमियम बनावट, उन्नत प्रोसेसिङ क्षमता, र AI–आधारित ब्याट्री अप्टिमाइजेसनसहितको यो नयाँ सिरिजले सहज मल्टिटास्किङ, इमर्सिभ मनोरञ्जन, र दिनभर भरपर्दो प्रदर्शन सुनिश्चित गर्दछ ।

AI द्वारा सशक्त बनाइएका उन्नत क्यामेरा प्रणालीहरूले प्रयोगकर्तालाई जुनसुकै वातावरणमा पनि असाधारण स्पष्टतासहित आकर्षक फोटो र भिडियो खिच्न सक्षम बनाउँछन् ।

यस अवसरमा प्रतिक्रिया दिँदै सामसङ MX डिभिजनका डाइरेक्टर प्रणय रत्न स्थापितले भने, 'Galaxy S26 Series मार्फत हामी यस्तो उपकरण प्रस्तुत गर्दैछौं, जसले आफ्ना प्रयोगकर्तालाई वास्तवमै बुझ्छ । Galaxy AI ले स्वाभाविक र सहज अनुभव दिने बुद्धिमत्ता प्रदान गर्छ, जसले नेपाली उपभोक्तालाई दैनिक जीवन, सिर्जनशीलता र उत्पादकतालाई अझ उन्नत बनाउने नवप्रवर्तन अनुभव गर्न सक्षम बनाउँछ ।'

औपचारिक सार्वजनिक लन्चअघि, Samsung Nepal ले सफलतापूर्वक Hand Raiser Offer सञ्चालन गरेको थियो । जसले ग्राहकहरूलाई आफ्नो रुचि पूर्व-दर्ता गर्न र विशेष लाभहरू सुरक्षित गर्न अवसर प्रदान गऱ्यो ।

यस पहलमार्फत उपभोक्ताहरूले Galaxy S26 Series अग्रिम रूपमा रिजर्भ गर्न, आकर्षक एक्सचेन्ज सुविधा, २४ महिना सम्म सहज EMI विकल्प, तथा रोमाञ्चक उपहारहरू प्राप्त गर्न सके–जसले नवीनतम प्रविधिलाई नेपालभर अझ पहुँचयोग्य बनाउने कम्पनीको प्रतिबद्धतालाई थप सुदृढ गरेको छ।

Galaxy S26 Series देशभरका अधिकृत क्लकगलन स्टोरहरूमा उपलब्ध हुनेछ, जससँगै आकर्षक प्रि-अर्डर अफरहरू पनि प्रदान गरिनेछन् ।

साथै, यो उपकरण Hulas Finserve Pvt. Ltd. मार्फत Insta Finance प्रयोग गरी सहज EMI सुविधामा पनि उपलब्ध हुनेछ ।

संघर्ष

बाख्राको दूध सदुपयोग गर्दा करोडपति बने गुरूङ

बाख्राको दूध सदुपयोग गर्दा एक किसान करोडपति बनेका छन् । स्याङ्जाको भिरकोट नगरपालिका-८ ओकादीका डिलबहादुर गुरुङले सानन जातको बाख्राको दूधबाट बनाएको चिज बिक्रीबाट करोडपति बनेका हुन् ।

२०७० सालमा 'जुना बाख्रापालन फर्म' दर्ता गरी व्यवसाय शुरु गरेका गुरुङनले मासिक तीन लाख आम्दानी गरिरहेका छन् । पछिल्लो समय गुरुङले दूधबाट चिज उत्पादन गरिरहेका छन् । यहाँ अन्य किसानले पनि गाईभैंसीको दूधबाट चिज उत्पादन गरिरहेका बेला ओकादीका गुरुङले भने जिल्लामै पहिलो पटक बाख्राको दूधबाट चिज उत्पादन गरेका हुन् ।

गुरुङको फर्ममा हाल सानाठूला गरी ५२ वटा बाख्रा छन् । यी स्थानीय खरी जातको माउ र विदेशी सानन जातको बोकाबीचमा क्रस गराइएका बाख्राहरू हुन् । तीमध्ये १६ वटाले करिब १० लिटर दूध दिन्छन्, त्यसबाट दैनिक डेढ केजीसम्म चिज उत्पादन हुने गरेको छ । यसरी दिनहुँ उत्पादन हुने चिजलाई हरेक साताको एकदिन बजारीकरण गरिरहेको गुरुङले जानकारी दिए ।

"यहाँ उत्पादन भएको चिज पोखराका ठूला होटलहरूमा बिक्री गरिरहेको छु । प्रतिकेजी रु दुई हजारका दरले चिज बिक्री हुने गरेको छ । सुरुमा केही समस्या भए पनि पछिल्लो केही



महिनायता मासिक १५० केजी चिज बिक्रीबाट रु तीन लाखसम्म आम्दानी गरिरहेको छु", उनले भने,"चिजको माग उच्च छ, पुर्याउनै सकिएको छैन । उत्पादन वृद्धि गर्नका लागि दुधालु बाख्रा थप्ने तयारीमा छु ।"

बाख्राको दूधबाट चिज बनाउने सीप गुरुङले तनहुँको बन्दीपुरमा सिकेका थिए । त्यहाँ सिकेको सीपलाई घरमै प्रयोगात्मक अभ्यास गर्दै उनले व्यावसायिक उत्पादन गर्न थालेको बताए। हाल उत्पादन भएको चिजलाई थप गुणस्तरीय बनाउने, प्याकेजिङ सुधार र ब्रान्डिङ गर्ने काम भइरहेको गुरुङले बताए ।

विगतमा भारतमा वायरिङसम्बन्धी काम गर्दै आउनुभएका गुरुङ अरूको भन्दा फरक व्यवसाय गर्ने सोचसहित स्वदेश फर्किएका थिए । त्यही सोचका साथ विसं २०७० मा १२ वटा बाख्राबाट यो व्यवसायको जन्म भएको हो । "बाख्रा खरिद तथा खोर निर्माणमा रु तीन लाख ५० हजार लगानी गरेको थिए । युवाहरूका लागि नमूना बाख्रा गाउँ अभियानमा जोडिएर अगाडि बढेको थिए हाल महिनामै सुरुको लगानी जसत आम्दानी गरिरहेको छु", गुरुङले सुनाए ।

नमूना बाख्रा गाउँ अभियानका अध्यक्ष सुशील अर्याल गुरुङले गरिरहेको काम फरक र अन्य युवाका लागि पनि अनुकरणीय रहेको बताउँछन् । "केही फरक सोचसहित काम गरेमा नेपालमै प्रशस्त सम्भावना छ । धेरैलाई बाख्राको दूध पनि उपयोग गर्न सकिन्छ भन्ने थाहा पनि छैन तर उहाँले हाम्रै अभियानबाट त्यसको प्रयोग विधि सिकेर राम्रो गरिरहनुभएको छ", उनले भने ।

काँक्रेविहार
राष्ट्रिय दैनिक
www.kankrebihar.com

उम्मेदवारका प्रतिबद्धता, तिंकर नाका र जलविद्युत् सञ्चालन गर्ने



❐ **काँक्रेविहार संवाददाता**
दार्चुला, १५ फागुन

प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवारहरूले दार्चुला जिल्लाको विकासलाई केन्द्रमा राख्दै आ-आफ्ना चुनावी प्रतिबद्धता सार्वजनिक गर्न थालेका छन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) दार्चुलाका उम्मेदवार लक्ष्मणदत्त जोशी ले आफू र पार्टी विजयी भए चीनको ताक्लाकोटसँग जोडिएको तिङ्कर नाकालाई नियमित रूपमा सञ्चालन गर्ने पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। अन्य दलको तुलनामा केही ढिलो घोषणापत्र सार्वजनिक गरेका जोशीले तिङ्कर नाका सञ्चालनका लागि आवश्यक अध्यागमन कार्यालय स्थापना गर्न थप पहल गरिने बताए। हिन्दु धर्मावलम्बीको प्रमुख तीर्थस्थल कैलाश मानसरोवर यात्राका लागि तिङ्कर नाका सबैभन्दा छोटो मार्ग भएको उल्लेख गर्दै उनले हाल बन्द अवस्थामा रहेको नाकालाई विकास गर्दै लैजाने प्रतिबद्धता जनाए।

नेकपाले घोषणापत्रमार्फत यार्चागुम्बालगायत बहुमूल्य हिमाली जडीबुटीको दिगो व्यवस्थापन गरी स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने जनाएको छ। साथै प्रत्येक बस्तीमा गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवा पुऱ्याउने, लक्षित वर्गको अधिकार र पहुँच विस्तार गर्ने तथा लक्षित बजेटमार्फत कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता गरिएको छ। महाकाली र चमेलियाका सहायक नदीहरूमा सरकारी तथा निजी क्षेत्रको साझेदारीमा जलविद्युत् आयोजना अघि बढाई आगामी पाँच वर्षभित्र पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ। उच्च हिमाली उत्पादनको प्याकेजिङ र ब्रान्डिङ गरी ठुला सहरसम्म पुऱ्याउने, बलाँचदेखि भारतको जौलजिवीसम्म ट्रान्समिसन लाइन निर्माण दुई वर्षभित्र सम्पन्न गर्न पहल गरिने पनि घोषणापत्रमा उल्लेख छ।

यस्तै, महाकाली, चमेलिया र सहायक नदीबाट कटान भएका क्षेत्रमा तटबन्धन निर्माण, गोकुलेश्वर बजार क्षेत्र सुरक्षित गर्न चौलानी नदीमा पक्की तटबन्ध निर्माण तथा त्रिदेशीय सीमा क्षेत्र व्यास गाउँपालिका-१, कौवामा सुरक्षा व्यवस्थापन सुदृढ गर्ने प्रतिबद्धता गरिएको छ।

यसैबीच, राष्ट्रिय प्रजातन्त्र पार्टी दार्चुलाले निर्माणाधीन दार्चुला-तिङ्कर सडक र महाकाली कोरिडोर शीघ्र सम्पन्न गर्न पहल गर्ने जनाएको छ। राप्रपाका उम्मेदवार राजेश चन्द ले कालापानी-लिम्पियाधुरा क्षेत्र कूटनीतिक पहलमार्फत फिर्ता ल्याउने, गोकुलेश्वर विमानस्थल सञ्चालनमा ल्याउने तथा आफूले पाउने पारिश्रमिकको ५० प्रतिशत रकम दीनदुःखी र असहायका लागि अक्षयकोषमा जम्मा गर्ने प्रतिबद्धता जनाएका छन्।

राप्रपाको घोषणापत्रमा जिल्ला अस्पताललाई स्तरोन्नति गरी विशेषज्ञ सेवासहितको अस्पताल बनाउने, गरिब तथा विपन्न वर्गका लागि निःशुल्क आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउने र दुर्गम क्षेत्रमा सुपथ मूल्या खाद्यान्न वितरण गर्ने उल्लेख छ।

साथै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, लागुऔषध दुर्व्यसनीमुक्त समाज निर्माण तथा व्यास र नौगाड क्षेत्रको पूर्वाधार समस्या समाधान गर्ने प्रतिबद्धता गरिएको छ। हालसम्म राष्ट्रिय स्वतन्त्र पार्टी दार्चुलाले घोषणापत्र सार्वजनिक गरेको छैन।

निर्वाचनमा नेपाली कांग्रेस बाट धर्मानन्द जोशी, नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट गणेशसिंह ठगुन्ना र राष्ट्रिय स्वतन्त्र पार्टीबाट राजेश सिंह सामन्त (साउद) उम्मेदवार रहेका छन्।

पेट्रोलको खुला बिक्री-वितरणमा प्रतिबन्ध



❐ **काँक्रेविहार संवाददाता**
कालिकोट, १५ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लाई शान्तिपूर्ण, स्वच्छ र निष्पक्ष रूपमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय कालीकोटले पेट्रोलियम पदार्थको खुला बिक्री-वितरणमा प्रतिबन्ध लगाएको छ। जिल्ला सुरक्षा समितिको निर्णयअनुसार जारी सार्वजनिक सूचनामा निर्वाचन अवधिभर पेट्रोल, डिजेल तथा मट्टितेल जस्ता इन्धन बोतल, जर्किन वा अन्य खुला भाँडामा बिक्री तथा वितरण गर्न नपाइने स्पष्ट गरिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले हस्ताक्षर गरेको सूचनामा इन्धन बिक्री गर्ने सबै पेट्रोल पम्प र व्यवसायी सम्बन्धित निकायमा दर्ता भई कानुनी रूपमा सञ्चालन भएको हुनुपर्ने उल्लेख छ। दर्ता नभएका व्यक्ति वा संस्थाले कुनै पनि प्रकारको पेट्रोलियम पदार्थ बिक्री गर्न नपाउने व्यवस्था गरिएको छ। प्रशासनले तोकिएको मूल्यभन्दा बढीमा इन्धन बिक्री गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, अनावश्यक रूपमा मौज्दात राख्ने वा निर्वाचन प्रयोजनबाहेक अन्य उद्देश्यका लागि दुरुपयोग गर्नेलाई कडाइका साथ कारबाही गरिने जनाएको छ।

एम्बुलेन्स, अस्पताल, सुरक्षा निकाय तथा निर्वाचनसँग सम्बन्धित सवारी साधनलगायत अत्यावश्यक सेवामा प्रयोग हुने सवारी साधनलाई मात्र सम्बन्धित निकायको सिफारिस वा आधिकारिक परिचयपत्रका आधारमा आवश्यक परिमाणमा इन्धन उपलब्ध गराइने सूचनामा उल्लेख छ। उक्त निर्णयको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा नेपाल आयल निगमको समन्वयमा नियमित तथा आकस्मिक अनुगमन गरिने जनाइएको छ। नियम उल्लङ्घन गर्ने व्यक्ति वा संस्थामाथि प्रचलित कानुनअनुसार जरिवाना, इजाजतपत्र निलम्बन वा खारेजसहित आवश्यक कानुनी कारबाही गरिने चेतावनी दिइएको छ। जिल्ला प्रशासन कार्यालयले सबै पेट्रोल व्यवसायी, ढुवानी व्यवसायी तथा सर्वसाधारणलाई निर्णयको पूर्ण पालना गर्न आग्रह गर्दै कुनै शंकास्पद गतिविधि देखिएमा तत्काल प्रशासन वा सुरक्षा निकायलाई जानकारी गराउन अनुरोध गरेको छ।

निर्वाचन आचारसंहिता उल्लंघनका २८ उजुरी



❐ **काँक्रेविहार संवाददाता**
सल्यान, १५ फागुन

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को क्रममा सल्यान जिल्लामा निर्वाचन आचारसंहिता उल्लंघन सम्बन्धी २८ वटा उजुरी दर्ता भएका छन्। जिल्ला आचारसंहिता अनुगमन समितिका अनुसार हालसम्म २५ वटा मौखिक र ३ वटा लिखित गरी उजुरी प्राप्त भएका हुन्। अनुगमन अधिकृत तथा सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्मा का अनुसार लिखित उजुरी दर्ता गर्ने प्रक्रिया समयसाध्य हुने भएकाले धेरैजसो उजुरी मौखिक रूपमा प्राप्त भएका छन्। ती उजुरी स्थानीय अभियन्ता, सर्वसाधारण नागरिक तथा विभिन्न राजनीतिक दलका कार्यकर्ताबाट आएका हुन्। उजुरीमा स्थानीय तहका जनप्रतिनिधि स्वयं आफ्नै पालिकामा चुनावी प्रचारप्रसारमा सक्रिय भएको, सामाजिक सञ्जाल विशेषगरी फेसबुकमार्फत प्रचार सामग्री सार्वजनिक गरिएको, पोस्टर टाँसिएको तथा शिक्षकहरू समेत प्रचारमा संलग्न भएको उल्लेख गरिएको छ यसका साथै आचारसंहिता लागू भइसकेपछि पनि नयाँ योजनाको शिलान्यास गरिएको र सरकारी साधन-स्रोतको दुरुपयोग गर्दै पालिकाका पदाधिकारीहरूले खुलेर प्रचार गरेको आरोपसमेत उजुरीमा समेटिएको छ। निर्वाचन आचारसंहिता कार्यान्वयनमा आएपछि सरकारी स्रोत, साधन र पदको दुरुपयोग गर्न नपाइने स्पष्ट व्यवस्था रहे पनि केही स्थानमा उल्लंघन देखिएको अनुगमन समितिले जनाएको छ। यस्ता गतिविधिले निर्वाचनको निष्पक्षता र पारदर्शितामा असर पार्ने भन्दै अनुगमनलाई थप प्रभावकारी बनाइएको बताइएको छ। समितिले प्राप्त उजुरीका आधारमा आवश्यक छानबिन तथा कानुनी कारबाही प्रक्रिया अघि बढाइसकेको जनाएको छ। साथै सबै सरोकारवालालाई आचारसंहिताको पूर्ण पालना गर्दै स्वच्छ, निष्पक्ष र मर्यादित निर्वाचन सम्पन्न गर्न सहयोग गर्न आग्रह गरिएको छ।

निर्वाचन लागि सात सय ६० कर्मचारी परिचालन

❐ **काँक्रेविहार संवाददाता**
सल्यान, १५ फागुन

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै कालीकोट जिल्लाभर ७६० जना कर्मचारी परिचालन गरिने भएको छ।

जिल्लाका १०३ मतदान स्थल र १२७ मतदान केन्द्रमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, सहायक कर्मचारी तथा कार्यालय सहयोगीसहित कुल ७६० जना कर्मचारी खटाइने मुख्य निर्वाचन अधिकृत कार्यालयले जनाएको छ।

निर्वाचनमा खटिने कर्मचारीका लागि अभिमुखीकरण कार्यक्रम तथा नियुक्ति पत्र वितरण बुधबार र बिहीबार गरी दुई दिनसम्म सञ्चालन गरिएको थियो।

नौ वटा स्थानीय तहका ८२ वडामा रहेका मतदान स्थल तथा केन्द्रका लागि आवश्यक अभिमुखी करण सहित कर्मचारी परिचालन गरिएको मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश कुलप्रसाद दाहालले जानकारी दिए।

निर्वाचनको सुरक्षाका लागि २,१९६ जना सुरक्षाकर्मी परिचालन गरिएका छन्। जसअन्तर्गत ५०९ जना नेपाल प्रहरी, ४०० जना नेपाली सेना, २८५ जना सशस्त्र प्रहरी र १,१०२ जना निर्वाचन प्रहरी (म्यादी) खटाइएका छन्।

जिल्लाका ७४ वटा मतदान स्थललाई अति संवेदनशील र २ ९ वटा मतदान स्थललाई संवे दनशील सूचीमा राखिएको जिल्ला सुरक्षा समितिले जनाएको छ।

केही मतदान स्थल भौगोलिक रूपमा कठिन क्षेत्रमै रहेकाले भने केही उम्मेदवारका आफ्नै मतदान स्थल परेकाले संवेदनशील मानिएको हो।

सशस्त्र द्वन्द्धको समयमा कालीकोट जिल्ला अत्यधिक प्रभावित भएकाले र विगतका द्वन्द्धका सहयात्रीहरू नै चुनावी मैदानमा रहेकाले जिल्लाका अधिकांश मतदान स्थललाई संवेदनशील सूचीमा राखिएको जनाइएको
छ।

छार्का ताङसोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कागकोट, डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

शे-फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

फागुन २१ गते साँझदेखि नै मतगणना शुरु हुने

काँक्रेविहार संवाददाता

काठमाडौं, १५ फागुन

निर्वाचन आयोगले यस पटक मतपेटिका सङ्कलनको समय घटाउने र मतदानकै दिन अर्थात फागुन २१ गते साँझदेखि नै मतगणना शुरु गर्ने योजना बनाएको छ । मतदाताको प्रतीक्षाको समय छोट्याउन आयोगले यस्तो रणनीति लिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

निर्वाचन आयोगले मतदान सम्पन्न भएलगत्तै छिटोभन्दा छिटो नतिजा सार्वजनिक गर्नेगरी तयारी तिब्र पारेको उनले बताए । प्रवक्ता भट्टराईकाअनुसार विगतका अनुभवहरूलाई ध्यानमा राख्दै यो पटक मतपेटिका सङ्कलन गर्ने समयलाई उल्लेख्य रूपमा घटाइनेछ । आयोगको योजनाअनुसार मतदान सकिएकै दिन साँझबाट मतगणना शुरु गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

यसका लागि राजनीतिक दलहरूसँगको समन्वयमा मतदान हुनुपूर्व नै मतगणना स्थल र आवश्यक व्यवस्थापन मिलाइसकिने उनले बताए । मतदाताहरूको नतिजा सुन्ने व्यग्रतालाई सम्बोधन गर्न आयोगले यो 'गुड इन्टेन्सन' राखेको प्रवक्ता भट्टराईले स्पष्ट पारे । स्थानीयस्तरमा आउनसक्ने प्राविधिक कठिनाइहरूलाई ध्यानमा राख्दै आयोगले अप्टिमम रूपमा काम गर्ने लक्ष्य लिएको छ । धेरैजसो निर्वाचन क्षेत्रमा मतगणना स्थलहरू जिल्ला सुरक्षा समितिसँगको समन्वयमा तोकिसकिएको पनि उनले जानकारी दिए ।

देशभरका मतदान केन्द्रमा प्राथमिक उपचारको व्यवस्था गर्न आयोगको पत्राचार



काँक्रेविहार संवाददाता

काठमाडौं, १५ फागुन

प्रतिनिधि सभाको निर्वाचनका दिन देशभरका मतदान केन्द्रमा आवश्यक प्राथमिक उपचारको व्यवस्था गर्न निर्वाचन आयोगले सरकारलाई पत्राचार गरेको छ ।

शुक्रबार आयोगले गृह मन्त्रालयमार्फत सरकारलाई पत्राचार गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जनाएका छन् । आयोगले मतदानका दिन निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका मतदातालाई आवश्यक पर्न सक्ने उपचारका लागि प्राथमिक उपचार सेवाको व्यवस्था गर्न भनेको छ ।

त्यस्तै, आवश्यकता अनुसार थप उपचारका लागि अस्पताल तथा स्वास्थ्य संस्थालाई समेत तयारी अवस्थामा राख्न आयोगले पत्राचार गरेको हो । यससँगै देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी र औषधि तयारी अवस्थामा राख्न पनि भनेको छ ।

प्रतिनिधि सभाको निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थल र २३ हजार २५५ मतदान केन्द्र तोकिएका छन् ।

माग...

लागि मत माग्ने आउने उम्मेदवारलाई बस्ती र खेत जोगाउन तटबन्धनको माग अघी सारेका छन् । यस पटक आफ्नो समस्या समाधनका लागि प्रतिबद्ध दल र उम्मेदवारलाई नै मत दिने यहाँका स्थानीयले बताएका छन् ।

वडा नम्बर ६ का वडाध्यक्ष धनेश्वर शर्माका अनुसार रुकुमपश्चिम, जाजरकोट र डोल्पाको सीमाना नजिकैका यी बस्तीहरू नदीको कटान र पहिरोको जोखिममा रहेका छन् । ज्यामिरेगाउँका २० घर पहिरोको उच्च जोखिम र ३१ घर जोखिममै रहेका छन् । त्यसैगरी मन्काबगरमा रहेका ५५ घर र दामाचौरका करिब ५० घर पनि पहिरोको जोखिममा छन् ।

नयाँ...

थिए । यस पटकका निर्वाचनमा कांग्रेसले उम्मेदवार बनाएका पुन र रास्वपाका सुनार दुवै जना बाहिरी जिल्लाबाट उम्मेदवारको रुपमा रहेका छन् । पुन रोल्पा र सुनार दैलेखका रहेका छन् । एमालेका उम्मेदवार सुमन मल्लले पुन र सुनार दुवै जनालाई बाहिरी जिल्लाको उम्मेदवार भयो भन्ने आरोप लाग्दै आएको छ । रास्वपाका खगेन्द्र सुनारले पछिल्लो समयमा दैनिकजसो सर्याँ मतदाता आफ्नो पार्टीसँग जोडिँदै गएकाले आफूले जिते आधार निर्माण भएको दाबी प्रस्तुत गरेका छन् ।

नेपाली कांग्रेसका उम्मेदवार पुनले नेपाली कांग्रेसले २०७९ को निर्वाचनमा जितेको क्षेत्र भएकाले आफूलाई यहाँ जित्न सहज बनेको बताए । एमाले उम्मेदवार मल्लले आफू लामो समयदेखि स्थानीय विकासमा लागि परेकाले आफ्नो जित सुनिश्चित भएको दाबी गरे ।

नेकपाका उम्मेदवार दीपक जिएमले कांग्रेस, रास्वपा र एमालेको लडाइँबिचबाट आफ्नो जित सहज हुने दाबी समेत गरेका छन् । स्थानीय मतदाताका अनुसार यो पटक बहुपक्षीय प्रतिस्पर्धा हुने भएको छ । यो निर्वाचन क्षेत्रमा २३ जना उम्मेदवार चुनावी मैदानमा रहेका छन् ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री थीर बहादुर पुलामी धनी रहेको, दर्ता नम्बर १०/०८१/८२ बाट चौकुने गाउँपालिका-५, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री पुलामी कृषि तथा पशुपन्छी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री दिपिका शर्मा धनी रहेको, दर्ता नम्बर ६३/२३/७६/७७ बाट चिङ्गाड गाउँपालिका-६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री दिपिका कृषि तथा पशुपन्छी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

विभिन्न पर्यटकीय स्थलहरूका बारेमा जानकारी

बिदा मनाउने, विशेष रूचि र खेल पर्यटनसँग सम्बन्धित छनौट गरिएका पर्यटन उत्पादनहरूको सूची

जिल्ला	पर्यटक उत्पादनको नाम र स्थल
डोल्पा	माउन्टेन बाइकिङ्ग, प्याराग्लाइडिङ्ग (ठूलीभेरी ४, पन्ना डाँडा)
रुकुम पश्चिम	प्याराग्लाइडिङ्ग: जन्तीबसे लेक-खलंगा-स्यारफु ताल, कालिका मालिका-रिम्ना
जाजरकोट	प्याराग्लाइडिङ्ग, माउन्टेन बाइकिङ्ग
सल्यान	प्याराग्लाइडिङ्ग मालिकादेखि दर्माको फारुला, खलंगा-श्रीनगर, रक क्लाइम्बिङ्ग: सुगुर देउ-कुकुर देउ हिल, श्रीनगर, मनोरञ्जन उद्यान र पार्क: हिमालको दृश्य देखिने), पिमखोला पिकनिक उद्यान, केरेलेचौर
सुर्खेत	सुर्खेत गोठीकाँडा र सिद्धपाइला केबल कार, प्याराग्लाइडिङ्ग
दैलेख	प्याराग्लाइडिङ्ग (दैलेख बजार र राकम), क्यानोनिङ्ग
कालिकोट	तिला नदीमा बन्जी जम्पिङ्ग, मान्म बजारबाट प्याराग्लाइडिङ्ग
जुम्ला	पाटन क्षेत्रबाट प्याराग्लाइडिङ्ग (नदईधाप, ठाकुरज्यू क्षेत्र), फिल्मको छायाङ्कन
मुगु	रारातालको वरपर घोडा चढ्ने, रारामा साइकल लेन, रारातल-मुर्माटप-चुचोरामा केबल कार, मुर्माटप-मिलिचौर प्याराग्लाइडिङ्ग, रारातालमा डुङ्गा सयर, रक क्लाइम्बिङ्ग र तालिम केन्द्र: चंखेली लेक, बामा गाउँ
हुम्ला	रक स्केप: बाह्रदेउ कैलाश दर्शनद्वार र चोम छो रक

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

मुड्केचुला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
नर्कु, डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सडक प्रयोग गर्दा ध्यान दिऔं ।

- सडक सीमा अतिक्रमण नगरौं ।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं ।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ठूलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)